पोखरा विश्वविद्यालय
POKHARA UNIVERSITY
परीक्षा नियन्त्रण कार्यालय

# पोखरा विश्वविद्यालय
## परीक्षा नियन्त्रण कार्यालय
### पोखरा ३०, कास्की

कलेज तथा विद्यार्थीहरुले ध्यान दिनुपर्ने विषयहरु

| क्र.स. | प्रदान गरिने सेवा तथा कार्य विवरण | प्रकृया तथा प्राज्ञिक परिषदको निर्णय |
|---|---|---|
| १ | **Registration सम्बन्धमा** | **रजिष्ट्रेशनका सम्बन्धि निम्न प्रमाणहरु पेश गर्नुपर्नेछ ।**<br>● शैक्षिक प्रमाणपत्रका प्रतिलिपि<br>● नागरिकताको प्रतिलिपि, Original Migration Certificate<br>● नेपाल वाहिर अध्ययन गरेका विद्यार्थीहरुका हकमा भने अध्ययन गरेको विश्वविद्यालयको Migration जारी नहुने अवस्थामा Transcript Certificate एवं समकक्षताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।<br>● नेपाली नागरिकता नभएका विद्यार्थीहरुका हकमा भने जो नेपालमा पढन चाहान्छन उनीहरुले नेपालमा जन्मेको प्रमाणपत्रको आधार पेश गर्नुपर्नेछ । |
| २ | **Retake सम्बन्धमा** | **स्नातक**<br>● कार्यक्रममा तोकिएका अन्तिम दुई सेमेष्टर भन्दा अगाडिका सेमेष्टरमा नियमित अध्ययन गरिरहेका विद्यार्थीहरुले अधिकतम तीनवटा विषयसम्म, अन्तिम दुई समेष्टरमा नियमित अध्ययन गरिरहेका विद्यार्थीहरुले अधिकतम चारवटा विषयसम्म र नियमित अध्ययन अवधि पुरा भैसकेका तर उत्तीर्ण हुन बाँकी विद्यार्थीहरुले अधिकतम २४ क्रेडिटसम्म Retake दिन पाउनेछन् ।<br>● वार्षिक प्रणाली अर्न्तगत अध्ययन अध्यापन हुने कार्यक्रममा भने अधिकतम ६ वटा विषयसम्म Retake दिन पाउनेछन् ।<br>**स्नातकोत्तर (सबै)**<br>● नियमित अध्ययन गरिरहेका विद्यार्थीहरुले अधिकतम दुइवटा विषयसम्म र नियमित अध्ययन अवधि पुरा भैसकेको तर उत्तीर्ण हुन बाँकी विद्यार्थीहरुले अधिकतम १५ क्रेडिट सम्म Retake दिन पाउनेछन् । |
| ३ | **Rechecking/Retotaling सम्बन्धमा** | ● प्रकाशित नतिजा चित्त नबुझेमा नतिजा प्रकाशन भएको मितिले ७ दिन भित्रमा सम्बन्धित कलेज मार्फत Rechecking वा Retotaling का लागि आवेदन दिन सकिनेछ ।<br>● विद्यार्थीले Rechecking गरेको विषयको Grade परिवर्तन भएमा Rechecking बापत बुझाएको रकम फिर्ता हुनेछ र फिर्ता लिनका लागि आवेदन दिनुपर्नेछ तर Retotailing बापतको रकम भने फिर्ता हुनेछैन । |

| | | |
|---|---|---|
| ४ | **उत्तरपुस्तिका हेर्न तथा उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि माग गर्नेसम्बन्धमा** | ● परीक्षा नियन्त्रण कार्यालयले लिने अन्तिम परीक्षाको नतिजामा परीक्षार्थीलाई चित्त नबुझे उत्तरपुस्तिका हेर्न तथा उत्तरपुस्तिकाको प्रतिलिपी माग गर्न पाउनेछन् । उत्तरपुस्तिका हेर्न तथा उत्तरपुस्तिकाको प्रतिलिपी माग गर्न तोकिएको फारम अनुसारको निवेदन परीक्षा नियन्त्रण कार्यालयमा आई बुझाउनु पर्नेछ ।<br>● उत्तरपुस्तिका हेर्न तथा उत्तरपुस्तिकाको प्रतिलिपी माग गर्न उत्तरपुस्तिकाको पुनजाँच (Rechecking) गरेको हुनुपर्नेछ । त्यसरी पुनजाँच गरेको उत्तरपुस्तिकाको परीक्षाफल प्रकाशन भएको मितिले बढीमा ७ दिन भित्र उत्तरपुस्तिका हेर्न तथा उत्तरपुस्तिकाको प्रतिलिपी माग गर्न परीक्षा नियन्त्रण कार्यालयमा फाराम बुझाईसकेको हुनुपर्नेछ । |
| ५ | **पुन भर्ना गर्ने सम्बन्धमा** | एक कार्यक्रममा भर्ना भई नियमित अध्ययन अवधि पुरा गरेका तर उर्तीण नभएका विद्यार्थीहरुले अर्को कार्यक्रममा भर्ना भई नियमित अध्ययन सुचारु गर्ने सम्बन्धमा भने विश्वविद्यालयले सम्बन्धित कार्यक्रममा भर्ना हुन तोकेका प्रकृया पुरा गरेको खण्डमा मात्र अर्को कार्यक्रममा भर्ना भई नियमित अध्ययन गर्न पाउनेछन । |
| ६ | **प्रमाणपत्र सुधार (Correction) सम्बन्धमा** | विद्यार्थीहरुले यस परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त गरेका प्रमाणपत्र लगायतका कागजातहरु सुधार (Correction) का लागि सम्बन्धित कलेजको सिफारिस र सुधार (Correction) गर्नुपर्ने आधार/प्रमाण सहित परीक्षा नियन्त्रण कार्यालयमा पेश गर्नुपर्नेछ । सुधार (Correction) लागि कागजात जारी भएको मितिले एकमहिना भित्र पेश गर्नुपर्नेछ अन्यथा नियमानुसार सुधार (Correction) शुल्क लाग्नेछ । |
| ७ | **Dean list तथा नियमित विद्यार्थी हुने सम्बन्धमा** | ● सम्बन्धित कार्यक्रमले तोकेको Normal Duration भित्र सम्पूर्ण आवश्यकता पुरा गरेका विद्यार्थीहरु नियमित विद्यार्थीको रुपमा मानिनेछन् ।<br>● सम्बन्धित कार्यक्रमले तोकेको सम्पूर्ण विषयहरु उर्त्तीण भएका स्नातकोत्तर तहको कुनै कार्यक्रमको अन्तिम सेमेष्टर/ट्राइमेष्टर मा Thesis/GRP मात्र भएमा त्यस सेमेष्टरको अन्तिम परीक्षा सकिएको मितिले ९० दिनभित्र र अन्तिम सेमेष्टर/ट्राइमेष्टर मा विषय सहित Thesis /GRP भएमा विषयको नतिजा प्रकाशन भएको मितिले ९० दिन भित्रमा Thesis /GRP Defense गरी परीक्षा नियन्त्रण कार्यालयमा बुझाइसकेका विद्यार्थीहरु मात्र नियमित विद्यार्थीको रुपमा मानिनेछन् । |
| ८ | **Thesis प.नि.का.मा आइसक्नुपर्ने अवधि सम्बन्धमा** | Thesis/GRP defense गरेको ४५ दिन भित्र Practical/Field works का external evalution भएको मितिले ४५ दिन भित्र परिक्षा नियन्त्रण कार्यालय आईपुग्नुपर्नेछ । |
| ९ | **पुन अध्ययन सुचारु गर्ने सम्बन्धमा** | **विभिन्न कारणले विचमा अध्ययन छाडेपछि पुन सुचारु गर्नपर्ने अवस्था सृजना भएमा निम्न शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।**<br>● विद्यार्थीको सुरुको भर्ना मितिलाई आधार मान्दा सम्बन्धित कार्यक्रम सम्पन्न गर्न सक्ने अवस्था हुनुपर्नेछ ।<br>● विद्यार्थीले अध्ययन छोड्नु पूर्व हाँसिल गरेको शैक्षिक उपलब्धिलाई आधार मानी जुन Semester/Trimester/Year को अन्तिम परीक्षामा सहभागि भएको हो त्यस भन्दा एक तह माथिको Semester/Trimester/Year मा अध्ययन सुचारु गर्नुपर्नेछ ।<br>● विद्यार्थीले सम्बन्धित डीन कार्यालयबाट अध्ययन निरन्तरताको लागि स्वीकृति लिई अध्ययन सुरु भएको मितिले २ हप्ताभित्र भर्ना भईसक्नुपर्ने छ । |

| | | |
|---|---|---|
| | | • परिषदमा सदस्यता लिनुपर्ने प्राविधिक कार्यक्रमको हकमा त्यस्तो सदस्यता प्राप्त भइनसकेको अवस्थामा सम्बन्धित स्कुल/कलेजको चालु Semester/Trimester/Year को भर्ना कोटा खाली भए सोही स्कुल/कलेजमा र सो नभए कोटा खाली भए रहेको अन्य स्कुल/कलेजमा भर्ना दिन सकिनेछ। परिषदको सदस्यता प्राप्त भइसकेको अवस्थामा वा अन्य साधारण कार्यक्रमको हकमा भने सम्बन्धित स्कुल/कलेजमा भर्ना दिइनेछ। |
| १० | **Grade वृद्धि सम्बन्धमा** | • स्नातक तहको हकमा कम्तिमा पनि CGPA 2.00 र स्नाकोत्तर तहको हकमा कम्तिमा CGPA 3.00 प्राप्त गरेका विद्यार्थीले मात्र लब्धाङ्कपत्र (Transcript) प्राप्त गर्न सक्नेछन्। <br>• सम्बन्धित कार्यक्रमले तोकेको सबै विषय उर्तीण भएर पनि उल्लेखित अनुसारको CGPA प्राप्त गर्न नसकेको अवस्थामा मात्र पहिले उर्तीण भएका २ वटा विषयसम्म पुन परीक्षामा सहभागि भई Grade वृद्धि गर्न सकिनेछ। Grade वृद्धि गर्नका लागि परीक्षामा सहभागि हुन सम्बन्धित कलेज मार्फत निवेदन पठाई पूर्व स्वीकृति लिनुपर्नेछ। |
| ११ | **प्रमाणपत्र हराई पुन प्रतिलिपि लिनुपरेमा** | पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट जारी गरिएका कागजातहरु जस्तैः Transcript, Migration, Provisional, Degree Certificate लगायत प्रमाणपत्रहरु हराएर प्रतिलिपि लिनु परेमा राष्ट्रिय स्तरको पत्रिकामा सूचना छपाउनुपर्नेछ र सूचना छपाएको १५ दिनपछि कागजात फेला नपरेको Police Report र विद्यार्थीले अध्ययन गरेको कलेजको पत्र सहित परीक्षा नियन्त्रण कार्यालयले तोकेको फाराम भरी प्रतिलिपी माग गर्न सकिनेछ। |
| १२ | **Drop out Migration सम्बन्धमा** | सम्बन्धित कलेजको पत्र, नागरिकताको प्रतिलिपि र सक्कल Registration Card सहित तोकिएको शुल्क तिरेर फारम भरी पेश गर्नुपर्नेछ। |
| १३ | **College Transfer सम्बन्धमा** | विद्यार्थीहरुले अध्यनरत कलेजको अनुमति एवं अध्ययन गर्न चाहने कलेजको स्वीकृति सहित डीन कार्यालयमा सम्पर्क गर्नुपर्नेछ। <br>**नोटः** उपयुक्त विषय Fee Paying विद्यार्थीहरुको हकमा मात्र लागु हुनेछ। Scholarship मा अध्ययनरत विद्यार्थीहरुलाई भने Fee Paying मा अध्ययन गर्ने सर्तमा मात्र लागु हुनेछ, जसका लागि अध्ययन गर्न चाहेको कलेजमा कोटा खाली हुनु पर्नेछ। |
| १४ | **Medium of Instructions and Examinations** | स्नातक एवं स्नातकोत्तर तहमा सम्बन्धित विषयले तोकेको बाहेक पोखरा विश्वविद्यालयका सम्पूर्ण अध्ययन, अध्यापन तथा परीक्षाको (Teaching Learning and Examinations) माध्यम अंग्रेजीमा हुनेछ। |

पोखरा विश्वविद्यालय
POKHARA UNIVERSITY
परीक्षा नियन्त्रण कार्यालय

## Verification तथा WES सम्बन्धमा

| क.स. | प्रदान गरिने सेवा तथा कार्य विवरण | आवश्यक कागजात | सेवा प्रवाह गर्दा लाग्ने समय | सेवा दस्तुर | सम्पर्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | **शैक्षिक प्रमाणपत्र प्रमाणित गर्ने (Attestetation and Verfication) सम्बन्धमा** | रीतपूर्वक भरिएको आवेदन फारम एवं प्रमाणित गर्नुपर्ने प्रमाणपत्रहरु | दिनको १२ बजे भित्र आएमा सोहि दिन अन्यथा दोस्रो कार्य दिन । | प्रमाणित गर्न रु ३००।– प्रतिसेट | सोधपुछ शाखा | सम्बन्धित शाखा प्रमुख |
| २ | **WES upload तथा email सम्बन्धमा** | WES reference number सहित निम्नानुसारको pdf format मा प्रत्येक प्रमाणित प्रमाणपत्रका नाम राखेर deputycontroller1@ pu.edu.np मा पठाउने ।<br>Format:<br>6757223_Transcript<br>6757223_Cerfificate<br>6757223_WES form | सम्पूर्ण कागजपत्रको प्रकृया पुरा गरेर बुझाएमा सम्भव भए सोही दिन अन्यथा दोश्रो कार्य दिन । | WES upload/email शुल्क रु १०० (Attestation +WES = रु ३००+ रु १०० =रु ४००) | सोधपुछ शाखा | सम्बन्धित शाखा प्रमुख |